# घरपझोङ गाउँपालिका, मुस्ताङको संक्षिप्त चिनारी

## (Gharapjhong Rural Municipality Fact sheet)




घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

website: www.gharapjhongmun.gov.np
Email : info@gharapjhongmun.gov.np, gharapjhongrmunicpality@gmail.com
Facebook: www.facebook/GharapjhongRM
Youtube : www.youtube,com/@gharapjhongruralmunicipali4728

# घरपझोङ गाउँपालिकाको चिनारी

**संक्षिप्त परिचयः**

हिमाल पारीको जिल्ला मुस्ताङ ५ वटा स्थानीय तहमध्ये घरपझोङ गाउँपालिका जिल्लाको सदरमुकाममा रहेको गाउँपालिका हो । राज्यको पुनस्थापनासँगै मिति २०७३ साल फागुण २७ गते साविकको मार्फा र जोमसोम गा.वि.स. तथा साविकको टुकुचे गा.वि.स. को वडा नं. ८ र ९ समेटी यसको गाउँपालिकाको स्थापना भएको हो । नेपालको संघीय राजधानी काठमाण्डौंबाट लगभग ३४५ कि.मी. र गण्डकी प्रदेशको राजधानी पोखराबाट करिब १४५ कि.मी. पश्चिम उत्तर तर्फ ३१६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको यस गाउँपालिकाको पूर्वमा मनाङ जिल्ला, दक्षिण र पश्चिममा थासाङ गाउँपालिका तथा उत्तरमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका पर्दछन् । मुस्ताङ जिल्लाको सदरमुकाम समेत रहेको जोमसोम बजार लगायत पुथाङ बजार, मार्फा, ठिनी, स्याङ, छैरो, चिमाङ, ढुम्बा, सम्ले लगायतका प्रसिद्ध ऐतिहासिक तथा पर्यटकीय गाउँहरु मिलेर यो गाउँपालिकास्थापना भएको हो । यस गाउँपालिकालाई ५ वटा वडाहरुमा विभाजन गरिएको छ ।

**<u>यस गाउँपालिकाका मुख्य बस्तीहरुको विवरण:</u>**



**१. चिमाङ गाउँ**

घरपझोङ गाउँपालिका १ नं. वडामा अवस्थित हरियाली गाउँ वन क्षेत्र नजिक रहेको, वर्षमा ३ पटक फल्ने खालाको रुख र भँगेरा नबस्ने गाउँको रुपमा परिचित ।



**२. छैरो गाउँ ( १ नं वडा )**

१६ औं शताब्दी अन्तर्गत ङिङमापा सम्प्रदायसँग सम्बन्धी ऐतिहासिक छैरो गुम्बा, तिब्बतियन शरणार्थी क्याम्प र छैरो छहरा झरना रहेको छ ।




**३. मार्फा गाउँ ( २ नं वडा )**

ऐतिहासिक नमुना गाउँको रुपमा परिचित र हाल मुस्ताङको ठमेल र स्याउको राजधानी भनेर चिनिने पर्यटकीय आकर्षण र गन्तव्यको रुपमा रहेको यस गाउँमा रिसुन सम्तेलिङ्ग तथा प्रा गुम्बा र माम्ती गुफाँको दर्शन गर्न पाइन्छ ।



**४. स्याङ गाउँ ( ३ नं वडा )**

दुग्ध तथा सागसब्जीमा आत्मनिर्भर परम्परागत बस्ती, सांस्कृतिक पहिचानयुक्त यस गाउँमा ध्येछोलिङ्ग, टसी ल्हाखाङ्ग गुम्बा, उर्गेन छ्योलिङ्ग गुम्बा, प्रसिद्ध इष्टदेवता, स्याङफाँला, घैलुङ गुफा, झोनोघाङ पार्क रहेको, होमस्टेको सुविधा समेत रहेको महत्वपूर्ण गाउँ ।



**५. पुथाङ एयरपोर्ट ( ३ नं वडा )**

मुस्ताङ जिल्लामा एकमात्र सञ्चालनमा रहेको एयरपोर्ट, होटल व्यवसायमा परिचित सुविधा सम्पन्न र शहरी झलक पाइने शहरोन्मुख गाउँ ।



**६. जोमसोम बजार ( ४ नं वडा )**

मुस्ताङ जिल्लाको सदरमुकाम, सरकारी कार्यालयहरु रहेको, लोपेन कुजेन (गुरु पद्मम सम्भवले ध्यान गरेको स्थान), डाँफे पाइने स्थानको रुपमा परिचित कुम्ले बन, ऐतिहासिक काठेपुल, जलविनायक गणेश मन्दिर, ह्योचेन छ्योखोरलिङ्ग सम्तेलिङ्ग गुम्बा, तथा गाउँपालिकाको प्रशासनिक भवन, नमुना विद्यालय, कलेज, निजी विद्यालय तथा बसपार्क समेत अवस्थित होटल व्यवसाय रहेको पर्यटकीय बजार ।

**७. ठिनी गाउँ ( ५ नं वडा )**



जोमसोम बजार देखि करिब २ कि.मि. को दुरीमा दक्षिण तर्फ, निलगिरी हिमालको काखमा अवस्थित एवं ऐतिहासिक गाउँ, थकाली होमस्टे, थकाली म्यूजियक तथा थकाली संस्कृतिले धनी य गाउँ प्रसिद्ध तिलिचो ताल जाने प्रवेश द्वार रुपमा समेत चिनिन्छ।



**८. सम्ले र ढुम्बा गाउँ ( ५ नं वडा )**


जोमसोम बजारबाट करिब ३.५.कि.मि. को दुरीमा दक्षिण तर्फ अवस्थित यस गाउँमा पर्यटकीय गन्तव्यको रुपमा रहेको ढुम्बा ताल, कुछपतेर्डा गुम्बा, ऐतिहसिक घरपझोङ किल्ला समेत रहेको महत्वपूर्ण र ऐतिहासिक ढुम्बा र सम्ले गाउँ ।

## घरपझोङ गाउँपालिकाको परिचय

गाउँपालिकाको क्षेत्रभित्र हाल ३ वटा मा.वि. तथा ७ वटा आधारभूत विद्यालयहरु (सामुदायिक तथा संस्थागत) गरी जम्मा १० वटा शिक्षण संस्थाहरु सञ्चालित छन् । २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या ३,७१२ रहेको छ, जसमध्ये महिलाको जनसंख्या १,७६९ (४७.६६%) र पूरुषको जनसंख्या १,९४३ (५२.३४%) रहेको छ । यस गाउँपालिकामा बहुसंख्यक रुपमा थकाली समुदायको बसोबास रहेतापनि, गुरुङ, मगर, लामा, दलित समुदाय र थोरै संख्यामा अन्य जातीहरुको बसोबास पनि रहेको छ । व्यापार, व्यवसाय तथा रोजगारीको सिलसिलामा अन्य जिल्लाहरुबाट अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिहरुको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ । महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा पहिचान बनाउँदै गएको यस

गाउँपालिकामा आ.व. ०८१।०८२ को तथ्याङ्क अनुसार ७ लाख ५ हजार भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरुले भ्रमण गरेका छन् ।

**घरपझोङ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र नामाकरण**



घरपझोङ किल्ला (Gharapjhong Fort)

घरपझोङ कुनै बेला लो (ग्लो वा ब्लो) नामको एउटा स्वतन्त्र र बलियो अधिराज्य थियो, जसलाई लोबो ग्याल्खाब भनिन्थ्यो । मुस्ताङ भेगमा आठौं शताब्दीको मध्ये ताका यार्लुङ सैन्यका साथमा बौद्ध पराम्पराको प्रवेश हुदाँ शे-रिव नामको स्थानीय राज्य अस्तित्वमा थियो त्यसको केन्द्रनै घरपझोङ थियो । घरपझोङको दरबारमा बसेर राजा ठोकरचेन शासन चलाउन्थे । "गराप जोङ" शब्द अपभ्रंस भएर घरपझोङ भनिएको हो । घरपझोङको अर्थ सबैले मन पराएको स्थान वा गाउँ भन्ने बुझिन्छ । घरपझोङ किल्ला वा दरबारमा माटोका घरका भग्नावशेषहरु देख्न सकिन्छ । पछि उक्त किल्लाको बस्ती सरेर थाक पाँच गाउँ (स्याङ, ठिनी, छैरो, चिमाङ र मार्फा) बनेका हुन् । यसरी सो ऐतिहासिक महत्व र प्रशासनिक केन्द्रको नामबाट घरपझोङ गाउँपालिकाको नामाकरण हुन गएको हो । मानव सभ्यताको उल्लेखनीय बसोबास स्थलका रूपमा विकसित भइसकेको जानकारी छ ।

## भौगोलिक अवस्थिति

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतह देखि न्यूनतम २५५९ मिटरको उचाई देखि ६८६५ मिटर (निलगिरी हिमाल) सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक रहेको पाईन्छ । गाउँ क्षेत्रका जोमसोम देखि दक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ । हिमाली क्षेत्रको गाउँपालिका भएकाले यहाँ कम वर्षा हुन्छ, हिउदमा हिमपात हुने गर्दछ । यो ठाउँबाट यसको दक्षिणी भेगमा पर्ने धौलागिरी तथा निलगिरी हिमालको राम्रो दृश्य देखिन्छ भने घरपझोङ गाउँपालिकामा पर्ने मार्फा, स्याङ र जोमसोम मुस्ताङ जिल्लाको उपल्लो भेगमा पर्ने प्रख्यात तीर्थस्थल कागबेनी, मुक्तिनाथ, दामोदरकुण्ड तथा लोमान्थाङ जाने प्रवेश द्वारको रूपमा पनि रहेको छ ।

## हावापानी तथा जलवायु

यो क्षेत्र अन्नपूर्ण हिमश्रृङ्खलाको उत्तर पट्टी रहेको हुनाले यहाँ अत्यन्त कम मात्रामा पानी पर्दछ । उच्च हिमाली भेग भएको हुनाले हिउदोको समयमा उच्च बेगले हावा बहने गर्दछ । बर्षा महिनामा मात्र अति न्युन बर्षा हुने र हिउदको समयमा भारी हिमपात समेत हुने गर्दछ । समुन्द्री सतहबाट निकै उचाईमा रहेको यो गाउँपालिकामा चिसो हावापानी पाइन्छ । गर्मी महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्रि सेल्सियस सम्म पुग्दछ भने ठण्डी महिनामा तापक्रम ऋणात्मक ९ डिग्रि सेल्सियस भन्दा तल झर्दछ । यस गाउँपालिकाको दक्षिण भेगमा प्रायः शितोष्ण चिसो हावापानी रहेको छ भने उत्तरी र उच्च भेगमा चिसो लेकाली हावापानी पाइन्छ ।

## नदीनाला तथा तालपोखरी

यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रुपमा ढुम्बा ताल र छोमा छो (क्षमा ताल) रहेमा छन् । यस गाउँपालिकामा संसारकै अग्लो स्थानमा रहेको तिलिचो (तिरी छो) ताल जाने प्रवेश विन्दु मेसोकोन्दो पास रहेको छ । चिमाङ खोला, मार्फा खोला, ठिनी खोला र स्याङ खोला यस गाउँपालिका भएर बग्ने गर्दछ । यहाँबाट काली गण्डकी नदीको तीरै तीर हुँदै मोटर बाटोले दक्षिणमा बेनी तथा बाग्लुङ बजार सम्म जोड्ने गर्दछ । गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँक्षेत्र भित्र रहेको श्रोतबाट नै आपुर्ति हुने गर्दछ ।

## ऐतिहासिक स्थलहरु

यस गाउँपालिकामा बौद्ध धर्मावलम्वीहरुको बाहुल्यता रहेकोले धेरैजसो ऐतिहासिक तथा धार्मिक स्थलहरु बौद्ध धर्मसँग सम्बन्धित छन् । थकाली जातिको संस्कृति झल्काउने विभिन्न स्थानीय चाडपर्व जस्तैः खिल्ला, फाला, त्युङ्ला, तेर्मी आदि हुन् । चिमाङ, छैरों, मार्फा, स्याङ, ठिनी गाउँहरु थकाली जातिका पुराना र स्थानीय संस्कृति झल्काउने गाउँहरु हुन भने पुथाङ र जोमसोम शहरोन्मुख बजारहरु हुन । सबै गाउँबस्तीहरुमा गुम्बाहरु देख्न सकिन्छ । पुराना तथा ऐतिहसिक गुम्बा तथा मन्दिरहरुमा छैरो छहरा गुम्बा, सेवीथान मन्दिर, प्रा गुम्बा, शम्ते छ्योलिङ गुम्बा, हृसुम गुम्बा, मान्ति गुफा, स्याङफोला, टसी ल्हखाङ गुम्बा, धेछ्रिलिङ गुम्बा, युङडुङ कुण्डालिङ, क्षेजेन कुङ्गा छ्योकरलिङ गुम्बा, लोपोनकुजे, कुछप तेरङ्गा गुम्बा, ठिनी युङडुङ गुम्बा, ल्अखिम कर्पो गोम्पा (बारह बर्षे देवी), ल्अथेवा, धोर्चेफुर्वा गुम्बा (पल गुम्बा)हरु रहेका छन् । पुथाङमा रहेको इको म्युजियम र ठिनीमा रहेको थकाली म्युजियम थकाली जातिको कलासंस्कृति झल्काउने बस्तुहरु तथा आकृतिहरुको संकलन रहेको देख्न सकिन्छ ।

## वनस्पती तथा जैविक विविधता

यहाँको हावापानी शितोष्ण प्रकृति भएकोले तल्लो भेग तिर मिश्रित कोणधारी वनस्पति धुपी तथा सल्ला पाइन्छ । उचाई अनुसार पाइने मुख्य वनस्पतीमा सल्ला, धुपी, वैंश, भोजपत्र, लालीगुराँस, काँडेदार वुट्यान, घाँस, भोटे पिपल आदि रहेका छन् ।

## वन्यजन्तु

गाउँपालिकामा रहेको वनमा वन्यजन्तुहरु जस्तै कस्तुरी, खरायो, घोरल, नाउर, भालु, हिम चितुवा आदि पाइने गर्दछन् । त्यस्तै डाँफे, मुनाल, च्याखुरा, कालिज आदि यहाँको वनमा पाईने पंक्षीहरु हुन ।

## जडीवुटी

यहाँको वनमा महत्वपूर्ण जडीवुटी जस्तै यार्सागुम्वा, पाँचऔंले, निरमसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्की, भोजपत्र, जटामसी, हर्रो, सोमलता, चुल्ठे अमिलो, कुरिलो, घोराङमार्चा, अकरकारा, जिम्बु आदि जस्ता प्रशस्त बहुमूल्यवान र उपयोगी जडिवुटीहरु पाईन्छन् ।

## घरपालुवा पशुपंक्षी

घरायसी रुपमा पालिने पशुहरुमा याक, नाक, झोपा, चौरी, घोडा, लुलु गाई, खच्चड, भेडा, च्याङग्रा, गाई, वंगुर आदि हुन् भने पंक्षीमा कुखुरा र हाँस पालिन्छ ।

## स्थानीय चाडपर्व तथा जात्रा र मेला

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा, धर्म तथा संस्कृति नै हो । घरपझोङ गाउँपालिका जातीय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु मनाइने गर्दछन । मुख्य रुपमा बसोबास गर्ने थकाली जातीहरुको चार्डपर्वहरुमा १) खिल्हा पर्व (श्रावण महिना), २) फाल्हा पर्व (भदौ महिना) ३) धेक्यप (असोज/कार्तिक महिनामा) ४) आखल्ह मेर (माग/फाल्गुण) ५) ल्हो सम्व/ल्होसार (नयाँ बर्ष, पुष/माघ) ६) त्युङल्हा / तेर्मी / तोरन्ल्ह (फाल्गुण/चैत्र) ७) शाकाधावा लगायत आम नेपालीहरुले मनाउने चाडपर्वहरु बुद्ध जयन्ती, यारतोङ (जनैपूर्णिमा), फागु पूर्णिमा, दशैं, तिहार आदि समेत मनाईने गरिन्छ ।


**गाउँपालिकामा रहेका महत्वपूर्ण पर्यटकीय स्थलहरुः**



१. ढुम्बा ताल




२. छोमा छो (क्षमा ताल)



३. कुछप तेरङा गुम्बा




४. ह्यारु झो भ्यू पोइन्ट



५. मातृचक्र



६. झोङ न घाङ पार्क




७. टसी ल्हखाङ गुम्बा




८. मुस्ताङ इको म्यूजियम




९. सावोना बाथ र सावोना स्टिम




१०. सम्तेलिङ गुम्बा



११.प्रा गुम्बा

## कला र संस्कृति

१२. **१२. धेक्यव (देव नृत्य):** घरपझोङ गाउँपालिकामा बौद्ध मार्गीहरुको बाहुल्यता रहेको छ । बौद्ध धर्मावलम्बीहरु रहेको यस क्षेत्रका अधिकांश गाउँका गुम्बाहरुमा धेक्यव (देव नृत्य) नृत्य प्रदर्शन गर्दछन् । कार्तिक र असोज महिनामा देखाईने यस नाँचको आफ्नै छुट्टै महत्व रहेको छ । धेक्यव किन देखाइन्छ ? मान्छेको मृत्यू पश्चायत स्वर्ग लोक मार्गमा देवदेवीहरुले विभिन्न स्वरुपमा उक्त मुकुट धारण गरी लिन आउने र मृत्यू अगावै सो देव नृत्य दर्शन गरेमा पछि डर नलाग्ने र सबै देवीदेवताको स्वरुप हो भनी ढुक्क भई स्वर्गबास हुने कथन रहेको छ । यस नाँचमा मुख्य गरी लामाहरुले नै विधिवतरुपले नृत्य देखाउने गर्दछ ।



**१३.खिहला र फाला**

श्रावण र भदौ महिनामा हिउँदे बाली भित्राई सकेपछि मनोरञ्जन र हास्यकला प्रदर्शन गरी मनाईने खिहला र फाला जात्रा स्याङ, ठिनी र चिमाङ गाउँमा मनाईन्छ । चिमाङ गाउँमा देखाईने चरा नाँच लोभ हुन गएको छ । खिहला र फाला जात्रामा याक नाँच, जोगीको कला, समसामयिक विषयमा नाटक र महिला तथा पुरुष आकर्षिक बिभिन्न दृश्यहरु देखाईन्छ । यस जात्रामा लाजलाई पचाइ हास्यव्यङ्गयहरु प्रदर्शन गरिन्छ ।



## १४. तेरमी / त्यूङल्हा/ तोरन्ल्ह पर्व

यो चाडमा पितृहरुलाई पूजा गर्नुका साथै ज्वाई, चेलीहरुबाट माईतीलाई मिठा परिकारहरु लगी चढाउने र माईतीहरुले आशिष दिने चलन छ । यो पर्व ३ दिनसम्म मनाईन्छ । मनोरञ्जनका लागि पुरुषहरुले धनुषबाण र महिलाहरुले नाकाभोटे (कौडा) खेल्ने गर्दछन् । यसै पर्वको बेलामा बार र साइत हेरी अन्न बाली राम्रो होस भनी खेतको बीचमा राखिएको ढुङ्गालाई सेतो चुना लगाई धूपी गाडी, प्रसाद चढाई, भूमि पूजा गर्ने चलन छ ।



## १५. गुरु पद्मसम्भव मार्गः

नेपालको उत्तरी हिमाली जिल्लाहरु मध्ये मुस्ताङ जिल्लामा ८ औं शताब्दी देखि बौद्ध धर्म ग्रन्थहरुमा उल्लेख भए अनुसार परम्परागत मान्यता र बौद्ध धर्म गुरुहरुका कथन र वाणी बमोजिम गुरुपद्म सम्भव (गुरु रिम्पोछे) तिब्बतमा बौद्ध धर्म रक्षार्थ र प्रचार गर्न जादाँ नेपालको विभिन्न स्थानहरुमा जस्तै मरतिका गुफा (हलेसी) र असुर गुफा (फर्पिङ) आदि स्थानहरुमा साधना तथा ध्यान गर्नु भएको विश्वास गरिन्छ भने मुस्ताङका विभिन्न स्थानहरुमा जस्तै गुरु साङफुक, चुङसी गुफा, घार गुम्बा, आदि महत्वपूर्ण तिर्थस्थलहरुमध्येका घरपझोङ गाउँपालिका स्थित वडा नं ४ को पन्त्या खोलाको भिर छेउमा लोपेनकुजेन नामले प्रख्यात छ जसको अर्थ हुन्छ लोपेनको अर्थ गुरु आचार्य र कुजेनको अर्थ पिठ्युँको छाप रहेको छ । यसैगरी पालिकाको वडा नं ५ स्थित ढुम्बा डाँडा (होएसर घाङ) मा कुछप तेरङा विराजमान हुनुहुन्छ । कुछपको अर्थ शरीरको

सट्टामा राखिएको चिनो, तेर भन्नाले बहुमुल्य रत्न र ङा भन्नाले ५ अंकलाई जनाउँदछ । यसरी उहाँको चिनोको रुपमा ५ वटा बहुमुल्य प्रतिकहरुमध्ये शेव (कपडा), र दोजा (जुत्ता), आदि अहिले पनि दर्शन गर्न पाइन्छ ।

गुरु रिपोछे बज्रयान ङिङमापा सम्प्रदायको बौद्ध धर्म र महामुद्रा साधनाको उच्च प्रमुख आध्यामिक, बौद्धमार्गिहरुले दोस्रो बुद्धको रुपमा पनि पुज्ने गरिन्छ ।यस मार्गको नामाकरणले उहाँको स्मृति, बौद्ध धर्म, साँस्कृतिक विरासत र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बौद्ध फिलोसोफि (Buddhism Philosophy) लाई थप बढबा दिनेछ । महागुरु पद्मसम्भव मार्गले पालिका र समग्र मुस्ताङलाई बौद्ध धर्मावलम्बी पर्यटन र आध्यात्मिक यात्राको वृद्धिमा टेवा पुग्नेछ ।

गुरु पद्म सम्भव मार्ग लगभग ३० किलो मिटरको रहेको छ ।

“पान्त्याखोला-लोपेन कुजे-भोतोघाङ जोमसोम-ठिनी गाउँ-घरपझोङ किल्ला-ढुम्बा ताल-कुछपतेरङा गुम्बा-ढुम्बा डाँडा-छैरो तिब्बतियन क्याम्प-छैरो छहरा-छैरो गुम्बा हुँदै चिमाङ गाउँ (धौलागिरी भ्यू, बर्षको ३ पटक फुल्ने खलाको रुख अवलोकन गर्ने) -मार्फा कृषि फर्म-मान्दी गुफा-कावागुची घर-सम्तेछ्योलिङ गुम्बा-प्रा गुम्बा-रिसुम-एप्पल पार्क हुँदै टसील्हखाङ गुम्बा-झोनोधाङ गुम्बा-झोनोधाङ पार्क-किचिथाङ झोलुङ्गे पुल-लामाथाङ-इको म्युजियम-शिव मन्दिर हुँदै एयरपोर्ट-गणेश मन्दिर-बोटानिकल पार्क-छेचेन कुग्गा छ्योखोरलिङ गुम्पा जोमसोम सम्म ।“




## १६.ऐतिहासिक काठेपुल



**गाउँपालिकाका केही असल अभ्यासहरुः**

- विभिन्न स्थानीय तहहरुसँग भगिनी सम्बन्ध र विस्तारको प्रयास,
- पर्यटन प्रवर्द्धन (विभिन्न कार्य र फोटोहरु),
- अन्तरपालिका समन्वय तथा असल अभ्यास आदानप्रदान,
- कृषि विकास- स्याउ, आलु, फापार, उवा, विभिन्न फलफूल तथा तरकारीहरु उत्पादनमा जोड । याक, च्याङ्ग्रापालन व्यवसाय प्रवर्द्धन, उन्नत गाई पालन दुग्धमा आत्मनिर्भर, ग्रेडिङ मेसिन सहित कोल्ड स्टोर, बधस्थल संचालन, स्थानीय लुलु गाई प्रबर्द्धन, कोसेली घर स्थापना, रैथानेबालीको परिकार विविधिकरण तथा बजारिकरण, अध्यक्ष कप सञ्चालन तथा निरन्तरता, उत्कृष्ट कृषकहरुलाई पुरस्कार वितरण ,
- स्वास्थ्य सेवा- स्तरीय स्वास्थ्य सेवामा जोड दिन विभिन्न क्रियाकलापहरु सञ्चालन, गाउँपालिकाको सम्पूर्ण दलित, विपन्न र अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बिमा कार्यक्रम , पूर्ण संस्थागत सुत्केरी तथा सुनौला हजार दिन कार्यक्रम निरन्तरता, घुम्ती अल्ट्रासाउण्ड किल्निक सञ्चालन,
- शिक्षा युवा तथा खेलकुदः विद्यालय पर्यटन शिक्षा, स्थानीय पाठ्यक्रम निर्माण तथा प्रकाशन (कक्षा ४ सम्म), उत्कृष्ट SEE नतिजा, प्राविधिक-धार कक्षा सञ्चालन आदि,
- सडक बालबालिका तथा बालश्रममुक्त गाउँपालिका रहेको,
- फोहोरमैला व्यवस्थापन- घरैबाट फोहोरहरु छुट्टाउने, जथाभावी फोहोर नफाल्न सन्देशमुलक जानकारीहरु, अभिमूखीकरणका कार्यक्रमहरु, फोहोर व्यवस्थापनमा विभिन्न सहयोग तथा सम्मान र पुरस्कार, पोलिथिनको झोला प्रयोगमा न्यूनीकरण गर्न कपडाको झोला वितरण, ४० माइक्रोनभन्दा कम प्लाष्टिक निषेध, वातावरण मैत्री कपडाको सेनेटरी प्याड वितरण,
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी विभिन्न क्रियाकलापहरु,
- रोजगारीको अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उपयोग गर्दै आर्थिक विकास , पूर्वाधार विकास र पर्यटन क्षेत्रमा कार्य गरेको,
- विद्युतीय हाजिरीको प्रयोग र कार्यालयबाट निरिक्षण, वडामा सिसिटिभी जडान तथा सुरक्षा प्रदान,
- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन । गत आ.ब.मा २१ जना उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिएको,
- स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मान्यताका साथ प्रत्यक बर्ष अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गर्ने गरिएको,
- फोहरमैला व्यवस्थापन सम्बन्धी सामाग्रीहरु व्यवस्थापन र सचेतनाका कार्यक्रमहरुमा जोड दिईएको,
- मुख्य बजार क्षेत्र, गाउँबस्ती, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थामा सि.सि.टि.भि. जडान गरिएको,
- बालमैत्री स्थानीय शासनमा जोड दिईएको । सबै सूचकहरु पुरा गरी चालु आ.ब. को अन्त्य सम्म बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य रहेको,
- उज्यालो घरपझोङ कार्यक्रम अन्तरगत सडक बत्तीहरुको व्यवस्थापन र स्ट्रिप लाइट जडान कार्य निरन्तर भईरहेको,
- बढी कर तिर्ने करदातालाई सम्मान गरिएको,
- विपद् पूर्व तयारी स्वरुप आपतकालिन सेवा केन्द्रको स्थापना भएको,
- वातावरणमैत्री विद्युतिय अटोरिक्सा सञ्चालनको शुरुवात गरिएको । ४० माइक्रोन भन्दा कमको प्लास्टिक झोला प्रयोग निषेध गरिएको । सिसाको बियर बोतल प्रयोगमा बन्देज गरिएको,
- आपसी सहयोग, सहकार्य, भाइचारा र पर्यटन प्रवर्द्धनका लागि अन्य स्थानीय तहहरु संग भगिनी सम्बन्ध कायम गरिएको ढ१ स्थानीय तह संग भई सकेको र १ विदेशी तथा ३ स्वदेशी गरी ४ स्थानीय तहहरु संग चालु आ.ब.मा भगिनी सम्बन्ध स्थापना गर्ने योजना रहेको,
- यही मिति २०८२ भाद्र ३१ गते ७५३ स्थानीय तहका प्रमुख एवं अध्यक्षज्यूहरुको सहभागितामा जोमसोममा (राष्ट्रिय जलवायु सम्मेलन) आयोजना गरी जलवायु परिवर्तनले पारेको असर सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ध्यानाकर्षण गराउने कार्यक्रम रहेको ।


















जिल्ला स्तरीय फोहरमैला सरसफाई अभियान, २०८२





प्रथम साइकल तथा घोडा –याली, २०८२




घरपझोङ गाउँपालिका
मुस्ताङ

सूचना सूचना सूचना

**बियरको सिसाको बोतल प्रयोग नगर्ने सम्बन्धी अनुरोध**

घरपझोङ गाउँपालिका भित्र बियरको सिसाको बोतलहरुको उचित व्यवस्थापन हुन नसकेको कारण समस्या उत्पन्न भएकोले यस गाउँपालिका भित्र रहेका होटल, पसल, घुम्न आउने पर्यटक साथै स्थानीयबासीहरुले बियरको सिसाको बोतलहरु प्रयोगमा निषेध गर्ने भन्ने यस गाउँ कार्यपालिकाको बैठकमा निर्णय भएको हुँदा यही २०८० साल बैशाख १ गते देखि बियरका सिसाका बोतलहरु प्रयोग नगर्न/नगराउनु हुन होटल व्यवसायी, पसल, स्थानीयबासी र घुम्न आउने पर्यटक सबैमा घरपझोङ गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

**घरपझोङ गाउँपालिकालाई सफा राख्न सबैले सहयोग गरौं।**

घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ।








घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

ग्राहक महानुभावहरुमा अनुरोध

दर रु.२०/-

- पुनः प्रयोग गर्न मिल्ने कपडाको झोला रु.२०/- मा खरिद गरी प्लास्टिक झोलाको प्रयोग न्यूनिकरणमा सहयोग गर्नुहोस् ।
- यस पसलमा अर्को पटक सामान खरिद गर्न आउँदा कपडाको झोला साथमा ल्याउनु भएमा हजुरको रु.२०/- बचत हुनेछ ।

*सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ।*


पातलो प्लास्टिकको झोला निषेध गरिएको सूचना !!!

आगामी २०८२ साल बैशाख १ गते देखि घरपझोङ गाउँपालिका क्षेत्रभित्र ४० माईक्रोन भन्दा कम पातलो प्लास्टिकका झोलाहरु प्रयोगमा पुर्णरुपमा निषेध गरिएको व्यहोरा सबैलाई जानकारी गराईन्छ । ४० माईक्रोन भन्दा पातलो प्लास्टिकका झोलाहरु प्रयोग गरिएको पाइएमा कानून बमोजिम कार्यवाही गर्न बाध्य हुनेछ ।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
फोन नं.: ०६९-४४००१६,
ईमेल ठेगाना: gharapjhongrmunicpality@gmail.com



क्षेजेन कुङ्गा छ्योकरलिङ गुम्बा



सेपिथान




ल्हखीम कर्पो गुम्पा



गाउँपालिकाको गौरव मार्फा-छैरो बेलिबृज



शिशिर र बसन्त ऋतुमा देखिने दृश्य



स्याङफोला (ईष्टदेव)



मेसोकोन्दो पास (करिव ५३०० मि उचाई रहेको तिलिचो पदमार्गको उच्च स्थान)

# धन्यवाद्

**प्रमुख संरक्षक :** मोहन सिंह लालचन (अध्यक्ष)

**संरक्षक :** जमुना थापा मगर ( उपाध्यक्ष)

**सम्पादन मण्डल**

**संयोजक** : भिषण थकाली (कार्यपालिका सदस्य)

सदस्य:  श्री आस बहादुर थकाली, १ नं. वडा अध्यक्ष

सदस्य: श्री मान बहादुर हिराचन, २ नं. वडा अध्यक्ष

सदस्य : श्री फलेन्द्र प्रसाद थकाली, ३  नं. वडा अध्यक्ष

सदस्य : श्री याम प्रसाद थकाली, ४ नं. वडा अध्यक्ष

सदस्य: श्री प्रदिप थकाली, ५ नं. वडा अध्यक्ष

सदस्य : श्री वेदहरि अधिकारी

सदस्य : श्री आइत बहादुर थकाली

सदस्य: श्री सरिता थकाली

सदस्य : श्री सुजिता थकाली (Editor and Compilers)